## विधेयकमा संशोधनको सूचना

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : नेपाल विश्वविद्यालय विधेयक,२०७९**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | ३ | ३ | | | काठमाण्डौ उपत्यका बाहिर परिषद्ले तोकेको स्थानमा विश्वविद्यालय र त्यसको केन्द्रिय कार्यालय रहनेछ । | काठमाण्डौ उपत्यका बाहिर  वा भित्र नै परिषद्ले तोकेको स्थानमा सकेसम्म पहिले देखि नै खाली रहेका सरकारी भवनहरु प्रयोग हुने गरी विश्वविद्यालय र त्यसको केन्द्रिय कार्यालय रहनेछ । | कैयौं सरकारी भवनहरु खालि भई प्रयोग नभएको अवस्थामा नयाँ भवन बनाउनु अघि बनिसकेका भवनको प्रयोगको सम्भावना भए गर्नुपर्ने । |
| २ | ७ | १ | क | | कुलपतिले संरक्षक परिषद्को अध्यक्षता गर्नेछ। | संरक्षक परिषद्को अध्यक्ष परिषद्का सदस्यहरु मध्ये बहुमतले मनोनित एक सदस्य हुनुपर्नेछ। | विधेयकले संरक्षक परिषद्को व्यवस्था गरेता पनि त्यसको अध्यक्षता कुलपति नै गर्ने भनिएको छ जबकी प्रचलनमा हेर्ने हो भने परिषदकै सदस्यहरु मध्ये एकजनालाई अध्यक्षमा नियुक्ति गर्ने गरिएको छ।<br><br>- तर विधेयकमा परिषद्को अध्यक्ष हुने व्यवस्था गरिएको छैन।<br><br>- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा ७(१४) मा पनि नेपाली नागरिक संरक्षकहरु मध्येबाट संरक्षक समितिले सभापतिको छनौट गर्नेछ भनेर व्यवस्था गरेको छ। |
| ३ | ७ | १ | ज | | विश्वविद्यालयलाई तोकिएको भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराउने दाताहरु संरक्षक परिषद्को सदस्य हुने | विश्वविद्यालयलाई तोकिएको भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराउने दाताहरु मध्ये परिषद्को सदस्य कति जना हुने भनेर संख्या तोकिनु पर्नेछ। | संरक्षक परिषदमा रहेका सम्पूर्ण सदस्यको संख्या तोकिएको छ तर यस खण्डमा रहेको आर्थिक सहयोग पुर्याउने दाताहरुको संख्या तोकिएको छैन। |
| ४ | ७ | ७ | | | संरक्षक परिषद्को सदस्य हुन चाहिने योग्यताको व्यवस्था | यस दफामा खण्ड (ङ) पछि निम्नलिखित खण्डहरु थपिएको छ।<br>खण्ड (च): विश्वविद्यालयको विकास र संचालन क्षेत्रमा योगदान पुर्याएको।<br>खण्ड (छ): शिक्षा तथा प्राज्ञिक क्षेत्रबाट आएका व्यक्तिहरुको लागि विगतमा साहित्यिक चोरी (Plagiarism) मा संलग्न नभएको।<br>खण्ड (ज): शिक्षा तथा प्राज्ञिक क्षेत्रबाट आएका व्यक्तिहरुको लागि विभिन्न प्रतिष्ठित जर्नलहरुमा लेख प्रकाशित भएको। | विश्वविद्यालयको संरक्षकहरु ईमान्दार हुन, अनुसन्धानात्मक तथा प्राज्ञिक क्षेत्रबाट हुन विश्वविद्यालय कै प्रगतीको लागि आवश्यक रहेको। |
| ५ | ११ | १ | क | | उपकुलपति प्राज्ञिक परिषद्को संयोजक हुनेछ। | यस दफामा "उपकुलपति" को सट्टा "कुलपति" शब्द फेरिने | कुलपति शिक्षा र प्राज्ञिक पृष्ठभूमिबाट भएको कारणले र दफा ११ अनुसार गठन भएको प्राज्ञिक परिषद् मा कुलपतिलाई संयोजकको भूमिकामा राख्नु पर्दछ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | १३ | १ | क | | उपकुलपति कार्यकारी परिषद्को संयोजक हुनेछ। | यस दफामा "उपकुलपति" को सट्टा "कुलपति" शब्द फेरिने | दफा १७ अनुसार कुलपतिलाई कार्यकारी भूमिकामा राख्ने प्रस्ताव गरे पश्चात दफा १३ अनुसार गठन भएको कार्यकारी परिषद् मा पनि कुलपतिलाई संयोजकत्वको भूमिका प्रदान गरिनु पर्छ। |
| ७ | १७ | १ | | | कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ। | कुलपति विश्वविद्यालयको कार्यकारी प्रमुख हुनेछ। | शिक्षा तथा प्राज्ञिक पृष्ठभूमि बाटै कुलपतिको चयन हुने भएता पनि कुलपतिको पदलाई पुन: देखाबटी पदको रुपमा राख्न खोजेको देखियो।<br><br>- कुलपतिलाई विश्वविद्यालयको प्रमुख हुने वयवस्था भएपनि दफा १८ अनुसार उपकुलपतिलाई विश्वविद्यालयको कार्यकारी प्रमुखको जिम्मेवारी दिईएको छ।<br><br>- कुलपतिलाई विश्वविद्यालयको पुरा समय काम गर्ने प्रमुख प्राज्ञिक र कार्यकारी पदाधिकारीको भूमिकामा राख्नु पर्दछ र उपकुलपतिको खण्डमा आवश्यकता अनुसार एक भन्दा बढी उपकुलपति राख्न सकिन्छ। |
| ८ | ३५ | ३(क) | | | | दफा ३५ को उपदफा ३ पछि ३(क) थपिएको छ ।<br><br>विश्वविद्यालयको आर्थिक, सामाजिक, शैक्षिक आवश्यकताबारे कुनै स्वतन्त्र निकायले विस्तृत अध्ययन र अनुसन्धान गरी सो को आवश्यकता निर्धारण भएपश्चात् मात्र विश्वविद्यालयले कुनै रकम प्राप्त गर्न सक्नेछ। | विश्वविद्यालयको आर्थिक, सामाजिक, शैक्षिक आवश्यकताबारे विस्तृत अध्ययन र अनुसन्धान नगरी रकम प्रदान गर्न थालेमा अनावश्यक खर्च हुने सम्भावना भएकाले |
| ९ | | | | | | दफा ४२ पछि एउटा अर्को दफा थपिएको छ।<br>दफा ४२क: १) विश्वविद्यालयमा मूलधारका राजनीतिक दलसंग आवद्ध विद्यार्थी संगठन वा कुनै भातृ संगठनको दर्ता वा संचालन हुन दिइने छैन।<br>२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको समग्र हक र हितको लागि स्वतन्त्र विद्यार्थी परिषद् दर्ता गर्न बाट कुनै रोक लाग्ने छैन।<br>३) स्वतन्त्र विद्यार्थी परिषद्को दर्ता र संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | विश्वविद्यालय अध्ययन अध्यापन गर्ने थलो हो। विश्वविद्यालयमा बाह्य राजनैतिक प्रभाव र हस्तक्षेपले गर्दा हरेक गतिविधि राजनैतिक स्वार्थले डोर्याइएको हुन्छ। विद्यार्थी मात्रै हैन प्राज्ञहरुपनि कुनै न कुनै पार्टीको झन्डामुनि बसेका हुन्छन्। यसले गर्दा विश्वविद्यालयहरुको अवस्था लथालिङ्ग भइसकेको अवस्था छ।<br><br>यद्यपि विश्वविद्यालयको हक र हितको लागि विद्यार्थीको स्वतन्त्र समूह हुनुपर्दछ तर ति समूहहरु बाह्य राजनीतिसंग सम्बन्ध नरहेको र स्वन्त्र रुपमा विद्यार्थीहरुकै माझबाट विश्वविद्यालयको उन्नति, र विद्यार्थीहरुको भलो गर्ने उद्देश्यले बनेको हुनुपर्दछ। |
| १० | | | | | | परिच्छेद ७ मा दफा ४९ पछि एउटा नयाँ दफा थपिएको छ।<br><br>दफा ४९क: यो ऐनवमोजिम यस विश्वविद्यालयमा हुने अध्ययन अध्यापनको मोडेल प्रभावकारी देखिएमा अन्य विश्वविद्यालयले सोहि मोडेल अपनाउनु पर्नेछ। | कुनै एउटा राजनीतिक समुहको स्वार्थ सिद्दगर्ने हेतु नेपालमा विश्वविद्यालयका संख्या बढ्दो क्रममा छन् र अहिले भइरहेका सम्पुर्ण विश्वविद्यालयको अध्ययन अध्यापनको अवस्था सुधार गर्न, शिक्षण र अनुसन्धानमा सुधार गर्न पहलकदमी नगर्ने, भएका विश्वविद्यालय वर्षौंसम्म नेतृत्वहिन बनाउने काम बन्द हुनुपर्छ। त्यसैले परिच्छेद ७ मा यस सम्बन्धि नयाँ दफा थप गर्नुपर्छ। |

(१) नाम, थर: सुमना श्रेष्ठ दस्तखत: क्र. स.: २५२ मिति: २०८० - ०४ - ०३